प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

शैक्षिक शत्र २०७६/०७७ मा डिप्लोमा/प्रमाणपत्र र प्राविधिक एस.एल.सी तहमा विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम २०७६ को नतिजा प्रकाशन एवं मूख्य परीक्षार्थी (Main Candidate) मा छनौट भएका परीक्षार्थीहरुलाई अध्ययन गर्न सिफारिश भएका शिक्षण संस्थामा भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सुचना प्रकाशित मिति २०७६।११।०१)

नेपाल सरकारको आ.व. २०७६/०७७ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम देशभरीका दलित, मुसलमान, बिपन्न हलैया, कमैया (नेपाल सरकारबाट सुचिकृत सुविधा वञ्चित (Disadvantage Group) २२ वटा समूहहरु (बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा, सियार, सुरेल, थामी, थुनम) छात्रछात्राहरुबाट निम्न निर्धारित कोटामा डिप्लोमा/प्रमाणपत्र र प्राविधिक एस.एल.सी तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको उल्लेखित प्राविधिक शिक्षा प्रदान गर्न मिति २०७६।०८।२४ गते प्रकाशित सूचना अनुसार मिति २०७६।१०।१८ गते संचालित प्रवेश परीक्षाबाट मुख्य उम्मेदवार र बैकल्पिक उम्मेदवारमा मिति २०७६।१०।२९ गतेको निर्णयानुसार संलग्न नतिजा सूची बमोजिम छनौट भएका परीक्षार्थीहरुलाई तपसिलमा उल्लेखित शिक्षण संस्थाहरुमा अध्ययनका लागि सिफारिश गरिएको हुंदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७६।११।१५ गते) र सो दिन सार्वजनिक बिदा पर्न गएमा भोलिपल्ट भित्र सक्कल कागजातहरु लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जानु हुन सम्वन्धित सवैमा यसै सूचनाद्वारा सुचित गराइन्छ। सिफारिश भएका मुख्य परिक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा परिषद्को वेभसाइटबाट नतिजा डाउनलोड गरी भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्याद भित्र भर्ना निर्देशिका, २०७४ (संशोधन सहित) मा उल्लेख भए बमोजिमका आवश्यक सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, प्रवेश परीक्षाको प्रवेशपत्र र आफ्नो बर्ग खुल्ने प्रमाणपत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जानु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचनालाई आधारमानी परिषद्को वेभसाइट www.ctevt.org.np मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिश भएका परिक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरु, कोटामा सम्वन्धित निकायको बर्ग खुलेको सिफारिश पत्र र प्रवेश पत्रको सक्कल प्रमाणपत्रहरु शिक्षण संस्थाको प्राचार्यले रुजु गरी डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७४ (संशोधन सहित) को (४) अनुसार तोकेको शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुलाई मात्र तोकिएको म्याद भित्र कुनै पनि शुल्क (धरौटी, पुस्तकालय, प्रयोगात्मक, यातायात आदि) नलिई निर्धारित कोटाभित्र भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ। सक्कल कागजात रुजु नगरी अध्ययन गर्ने शैक्षिक कार्यक्रमका लागि योग्यता नपुगेका परीक्षार्थीलाई भर्ना गराएमा त्यस्ता परीक्षार्थीहरुको परिषद् रजिष्ट्रेशन कायम नहुने भएकाले सो को जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाको प्राचार्य हुने व्यहोरा समेत सूचित गरिन्छ।

उल्लेखित म्यादभित्र मुख्य परीक्षार्थी भर्ना हुन नआई कुनै शैक्षिक कार्यक्रममा कोटा रिक्त रहन आएमा सम्वन्धित शिक्षण संस्थाले गोरखापत्र राष्ट्रिय दैनिकमा ७ दिनको सूचना प्रकाशित गरी शिक्षण संस्थाको मुल दर्ता किताबमा दर्ता गरी देहाय बमोजिम हुने गरी बैकल्पिक तथा उतिर्ण सूचीमा रहेका परीक्षार्थीहरु मध्येबाट योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ।

सम्वन्धित शिक्षण संस्थाले जुन शैक्षिक कार्यक्रमको लक्षित बर्ग, समूहको निर्धारित कोटा खाली रहन गएमा सो प्रदेशको खाली रहन गएको कोटाको सोही कार्यक्रमबाट योग्यताक्रमानुसार छनौट गर्ने। सो बाट पुर्ति हुन नसक्ने अवस्था भएमा सोही प्रदेशको अन्य कार्यक्रमहरुबाट योग्यताक्रमानुसार छनौट गर्ने। सो पश्चात समेत कोटा रिक्त हुन गएमा अन्य प्रदेशको उत्तीर्ण सूचीबाट खाली रहन गएको कोटामा प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण मध्येबाट इच्छाए बमोजिमको कार्यक्रममा निवेदन लिई सम्वन्धित कार्यक्रमको योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ।

परीक्षार्थीहरुको नतिजा विवरण परिषद्को वेभसाइट www.ctevt.org.np मा तथा परीक्षा नियन्त्रण कार्यालयको सूचनापाटीमा प्रकाशित गरिएको छ।

डिप्लोमा/प्रमाणपत्र तह अध्ययनका लागि तोकिएका शिक्षण संस्थाहरु :

सि.न	शैक्षिक कार्यक्रम	शिक्षण संस्थाको नाम र ठेगाना	शिक्षण संस्थाको सम्पर्क नं
१.	प्रमाणपत्र तह नर्सिङ्ग	तानसेन स्कुल अफ हेल्थ साइन्स, तानसेन, पाल्पा	०७५-५२०१६६
२.	डिप्लोमा इन फार्मेसी	स्कूल अफ हेल्थ साइन्स, भरतपुर, चितवन	०५६-५२०२४३
३.	डिप्लोमा इन फरेष्ट्रि	कर्णाली प्राविधिक शिक्षालय, जुम्ला	९८५८३२२०५५
४.	डिप्लोमा इन होटल म्यानेजमेण्ट	भरतपुर पोलिटेक्निक इन्स्टिच्यूट, चितवन	९८४५१४६७९४
५.	डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग	सुम्निमा पोलिटेक्निक इन्स्टिच्यूट, भोजपुर	०२९-४२०७१६
६.	डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ्ग	शंखरापुर पोलिटेक्निक इन्स्टिच्यूट, साँखु, काठमाण्डौ	९८५१२४००९३
७.	डिप्लोमा इन एग्रिकल्चर (पशु बिज्ञान)	रामेछाप पोलिटेक्निक इन्स्टिच्यूट, रामेछाप	९८६०९४८४४७

प्राविधिक एस.एल.सी तह अध्ययनका लागि तोकिएका शिक्षण संस्थाहरु :

सि.न	शैक्षिक कार्यक्रम	शिक्षण संस्थाको नाम र ठेगाना	शिक्षण संस्थाको सम्पर्क नं
१.	कृषि प्लान्ट साइन्स	ग्रामिण तालीम केन्द्र, सिम्पानी, लम्जुङ्ग	९८५६०४७२४३
२.	लाइभस्टक प्रडक्सन/एनिमल हेल्थ (भेटनरी जेटिए)	वि.पी. मेमोरियल पोलिटेक्निक इन्स्टिच्यूट, जनकपुर, धनुषा	९८४८०२५११६
३.	कुलिनरी आर्ट	धवलागिरी प्राविधिक शिक्षालय, लेते, मुस्ताङ्ग	०१९-४४६५३०
४.	सिभिल इन्जिनियरिङ्ग	सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी	०९४-४४००२७
५.	इलेक्ट्रिकल इन्जिनियरिङ्ग	नारायणी पोलिटेक्निक इन्स्टिच्यूट, भरतपुर, चितवन	०५६-५२१३१६
६.	मेकानिकल इन्जिनियरिङ्ग	नेपाल भारत मैत्री बहुप्राविधिक संस्था, हेटौडा, मकवानपुर	९८५५०४२८३३
७.	अटोमोबाइल इन्जिनियरिङ्ग	भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बांके	०८१-५२१५३८

नोट : यो सूचना CTEVT को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।

परीक्षा नियन्त्रक